आज मिति २०७५/१०/२४ गतेका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान वहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक वहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो वादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री वालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रस्तावहरु

१. संघीय सरकारमा प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

२. स्वास्थ्य चौकीका लागि जग्गा प्राप्ति सम्वन्धमा ।

३. स्वास्थ्य तर्फको अनुदान रकम बाँडफाँड सम्वन्धमा ।

४. म्याचिङ रकम सम्वन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा शिवालय गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित तथा आ.व. २०७५/७६ को स्वीकृत बार्षिक विकास कार्यक्रममा संघ तथा प्रदेश सरकारको सहकार्यमा सञ्चालन गरिने भनी तय गरिएको **गाउँपालिका भवन निर्माण** विस्तृत आयोजना प्रतिवेदन सहित नेपाल सरकार अर्थ मन्त्रालयमा बजेट व्यवस्थाका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडाहरु १, २, ४, ६, ८ र ९ मा हालसम्म कुनै पनि स्वास्थ्य संस्था नरहेकोमा नेपाल सरकारको बार्षिक नीति तथा बजेट वक्तव्यमार्फत स्वास्थ्य चौकी नभएका सम्पूर्ण वडाहरुमा स्वास्थ्य चौकी स्थापना गर्ने कार्यक्रम तय गरिएकोले सो को लागि उक्त वडाहरुमा स्वास्थ्यचौकी निर्माणको लागि आवश्यक पर्ने कम्तिमा ३ (तीन) रोपनी जग्गा निशुल्क प्राप्तितर्फ लाग्न सम्बन्धित वडाध्यक्षहरुलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा शिवालय गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित तथा आ.व. २०७५/७६ को स्वीकृत बार्षिक विकास कार्यक्रममा राखिएको स्वास्थ्य चौकी व्यवस्थान अनुदान रु. ४,४०,००० लाई स्वास्थ्य चौकी थालारैकर र स्वास्थ्य चौकी सीमामा स्वास्थ्य चौकी व्यवस्थापन समितिको निर्णयबमोजिम रकम खर्च गर्नेगरी क्रमशः रु. २,२०,००० र रु.२,२०,००० विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं. १ मा पहाडी विकास अभियान पहलको सहकार्यमा निर्माणाधिन स्यालधारा खानेपानी आयोजना र काफलगैरी खानेपानी आयोजनाका लागि यस गाउँपालिकाद्धारा गरिएको सम्झौताबमोजिम प्रत्येक आयोजनालाई म्याचिङ फण्डको रुपमा समपुरक कोषबाट रु. १/१ लाख रकम भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा जाजरकोट जिल्ला सदरमुकाममा रहेको भेरी ज्ञानोदय क्याम्पसलाई स्नातकोत्तर तह सञ्चालनको लागि यस गाउँपालिकाको तर्फबाट रु ३ लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो । सो रकम शिवालय गाउँपालिकाको आ.व. २०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रमको **"स्नातक तह क्याम्पस तथा प्राविधिक शिक्षालय सञ्चालनका लागि सम्भाव्यता अध्ययन"** शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

मिति २०७५/१०/२४ गते बिहिवारका दिन शिवालय गाउंकार्यपालिकाको चौबिसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत